# हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल

**व्यवसायिक कोठा भाडामा लगाउने सम्बन्धी सार्वजनिक बढाबढको सूचना**

**प्रकाशित मितिः २०८२।०१।२५ गते**

हरिनगर गाँउपालिका वडा नं. ६ अन्तर्गत पर्ने घुस्की हाटबजारमा तपसिलमा उल्लेखित साइज भएको व्यवसायिक प्रयोजनको लागि निर्मित ५ वटा कोठाहरु व्यवसायिक प्रयोजनको लागि सम्झौता भएको मितिबाट २०८३ साल अषाढ मसान्त सम्मको लागि भाडामा लगाउनु पर्ने भएकोले कोठा भाडामा लिन इच्छुक व्यक्ति, फर्म, संस्थाले देहायका शर्तहरुको अधिनमा रहि सार्वजिनक बढाबढमा भाग लिन यो सूचना प्रकाशन गरिएको छ।

**कोठाको विवरण**

<table>
<tr><td>कोठा नं. ४<br>साइज १०'.७"×१०'.९"<br>उत्तर पुर्व तर्फ पुर्व मुख सटर भएको</td><td>कोठा नं. ५<br>साइज ११'.२"×१०'.९"<br>पुर्व तर्फ बिच भाग पुर्व मुख सटर भएको</td><td rowspan="2">कोठा नं. १<br>साइज<br>१४'.१"×२२'.६"<br>दक्षिण भाग पुर्व र पश्चिम दुवै मुख सटर भएको</td></tr>
<tr><td>कोठा नं. ३<br>साइज १०'.७"×११'.४"<br>उत्तर पश्चिम तर्फ पश्चिम मुख सटर भएको</td><td>कोठा नं. २<br>साइज ११'.२"×११'.४"<br>पश्चिम तर्फ बिच भाग पश्चिम मुख सटर भएको</td></tr>
</table>

मासिक भाडादर

| क्र. स. | कोठा नं. | न्युनतम भाडादर |
|---|---|---|
| १ | २, ३, ४ र ५ | ३,०००।०० (तीन हजार मात्र) बहाल कर सहित |
| २ | १ | ६,०००।०० (छ हजार मात्र) बहाल कर सहित |

शर्तहरु

१. मिति २०८२।०१।३० गते दिनको १२:०० वजे हरिनगर गाउँपालिका गाउँ कायर्पालिकाको कार्यालय, हरिनगरा, सुनसरीमा सार्वजनिक वढावढ हुनेछ।

२. डाक बढाबढमा भाग लिने व्यक्तिले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०८०।०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा सम्बन्धित कार्यालयमा सो व्यवसाय दर्ता गर्नु पर्ने भएमा सो दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा अन्य आवश्यक कागजातको प्रतिलिपि समेत बढाबढको समयमै पेश गर्नु पर्नेछ।

३. कोठा नं. २, ३, ४ र ५ को हकमा प्रत्येक कोठाको जमानत वापत रु.२४००।०० र कोठा नं. १ को हकमा रु.६०००।०० धरौटी रकम तत्कालै सोही वखत नगदै अथवा यस कार्यालयको हरिनगरा स्तिथ कृषि विकास बैंकको हि.नं. ०६०२४०१३१११७१०४१ खातामा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयका नाममा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको १२ महिना म्याद भएको जमानी पत्रको सकल प्रति संलग्न राख्नु पर्नेछ।

४. बढाबढ स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र आफूले कबोल गरेको मासिक भाडाको दरले ३ तीन महिनाको अग्रिम भाडा वापत हुने रकम यस कार्यालयको धरौटी खाता नं. ०६०२४०१३१११७१०४१ कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय हरिनगरामा धरौटी वापत दाखिला गरी सो को सक्कल भौचर सहित सम्झौता गर्न आउनुपर्नेछ।सो म्याद भित्र

www.harinagarmun.gov.np
Email: harinagargapa@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

सम्झौता गर्न नआएमा प्रस्ताव जमानत वापतको धरौटी रकम जफत गरी त्यसपछि बढी कवोल गर्ने व्यक्ति, फर्म, कम्पनी, संस्थासँग सम्झौता प्रक्रिया अगाडी बढाइनेछ।

५. कोठा भाडा वापतको अग्रिम धरौटी रकम कोठा बहाल म्याद समाप्त भएपछि मात्र फिर्ता दिइनेछ।

६. एक वर्ष (बाह्र महिना) को भाडा रकम एकमुष्ट अग्रिमरुपमा बुझाएमा कबोल रकमको १० दश प्रतिशत छुट दिइनेछ।

७. स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको २५ गतेभित्र यस कार्यालयमा बुझाउनुपर्नेछ।तिन महिनासम्म भाडा नबुझाएमा धरौटी वापत राखिएको रकमवाट भाडा असुल उपर गरी कोठा खाली गराइनेछ।

८. पानी महशुल, विद्युत महशुल तथा सरसफाई वापतको खर्च भाडामा लिने व्यक्ति, फर्म, संस्था स्वयमले व्यहोर्नु पर्नेछ। बहाल कर भुक्तानी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

९. कोठामा कुनै प्रकारको हानी नोक्सानी गर्न पाइने छैन।हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ति स्वयम् बहालबालाले व्यहोर्ने तथा मर्मत संभार गर्नुपर्नेछ।

१०. कोठाको भाडा रकम प्रत्येक २।२ वर्षमा १० दश प्रतिशतले स्वत: बृद्धि हुनेछ।

११. कोठा भाडाको सम्झौताको अवधि सम्झौता भएको मिति देखी २०८३ साल आषाढ मसान्त सम्मको लागि हुनेछ। सो अवधि पछि पुन: सोही व्यक्ति, फर्म, संस्थाले कोठा भाडामा लिन चाहेमा यस कार्यालयले निर्णय गरी सम्झौताको अवधि थप गर्न सक्नेछ।

१२. सम्झौता समयावधि अघि नै उक्त कोठा यस कार्यालयलाई आवश्यक भई खाली गराउनुपरेमा १ महिना अघि नै पूर्व जानकारी गराइनेछ र स्वीकृत बोलपत्रदाताले सम्झौता अवधि अघि कोठा खाली गर्न चाहेमा यस कार्यालयलाई ३ महिना अघि पूर्व जानकारी गराउनु पर्नेछ।

१३. कोठा जसको नाउमा सकार हुन्छ उसैले आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्नेछ।अर्थात भाडा लिएको व्यक्तिले अर्को व्यक्तिलाई पुनः भाडामा लगाउन पाइने छैन।

१४. कानूनले बन्देज तथा निषेधित गरिएका माल सामानहरू विक्री वितरण गर्न पाईने छैन।

१५. प्रस्ताव स्वीकृत तथा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

१६. यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१७. सूचना सम्वन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत